# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, कात्तिक ४ गते २०३३ साल [अतिरिक्ताङ्क २५

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. ३१

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।** 683

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सामाजिक व्यवहारमा सुधार गर्न बनेको ऐन

**प्रस्तावना** : सामाजिक व्यवहारमा भइरहेको र बढ्दो प्रतिस्पर्धात्मक भड्क र फजूल खर्चमा नियन्त्रण गरी सुधार गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "सामाजिक व्यवहार (सुधार) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सामाजिक व्यवहार" भन्नाले विवाह, ब्रतबन्ध, चूडाकर्म, पास्नी, न्वारान, जन्मदिवस, छैठी, बूढो–पास्नी र पितृ-कार्य समेतलाई जनाउँछ ।

(ख) "नजीकको नातेदार" भन्नाले जुन व्यक्तिको सामाजिक व्यवहार हुने हो, सो व्यक्तिको बाबु पक्ष र आमा पक्षका चार पुस्ताभित्रको नातेदार सम्झनु पर्छ र सो शब्दले तेह्र दिनसम्म जूठो बार्नु पर्ने दाजु भाइको परिवार, भान्जा-भान्जी, छोरीपट्टिको नाति-नातिनी, फुपूको छोरा छोरी, जेठी आमा र सानी आमाको छोरा छोरी, छोरी ज्वाइँ, बहिनी ज्वाइँ, भिनाज्यू, फुपाज्यू र मीतलाई समेत जनाउँछ ।

तर, पितृ-कार्यको हकमा जसले पितृ-कार्य गर्ने हो, निजको उपरोक्त बमोजिमको नातेदार सम्झनुपर्छ ।

३. **तिलकमा नियन्त्रण**: (१) विवाह हुँदा तिलक लिन दिन हुँदैन ।

(२) उप–दफा (१) उल्लंघन गर्नेलाई बिगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरीवाना वा तीस दिनसम्म कैद वा दुबै सजाय हुनेछ ।

४. **दुलही पक्षले लिन नहुने** : (१) छोरीबेटीको विवाह गरी दिंदा सो बापत दुलही पक्षले आफ्नो लागि कुनै नगदी जिन्सी लिन हुँदैन ।

(२) विवाह हुने छोरीबेटीको लागि दुलहा पक्षले यति गहना, कपडा, नगद-जिन्सी वा जेथा दिनुपर्छ भनी कर लगाउन हुँदैन ।

(३) उप–दफा (१) उल्लंघन गर्नेलाई बिगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरीवाना वा एक बर्षसम्म कैद वा दुबै सजाय हुनेछ । दिनेलाई त्यसको आधासम्म सजाय हुनेछ ।

(४) उप–दफा (२) उल्लंघन गर्नेलाई दश हजार रूपैयाँसम्म जरीवाना वा पन्ध्र दिनसम्म कैद हुनेछ ।

668

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. दाइजोमा नियन्त्रण : (१) विवाह हुँदा वा विवाहपछि दुलही पक्षबाट दुलही वा दुलहालाई यति नगद जिन्सी दाइजो, दान, बकस, भेटी, विदाई उपहार समेत जुनसुकै रूपमा दिनुपर्छ भनी दुलहा पक्षले कर लगाउन वा यति लिने दिने भनी दुबै पक्षले अगावै तय गर्न हुँदैन र दाइजो दिएन भनी दुलहा पक्षले टण्टा गर्न वा विवाह गर्न इन्कार गर्न वा विवाह भइसकेको भए दुलही विदाई गराई साथ नलग्न वा दुलही पछि मात्र विदाई गराई लग्ने प्रथा भएकाहरूले पछि विदाई गराई लग्न इन्कार गर्न हुँदैन ।

(२) विवाह हुँदा जिउमा लगाएको एकसरो गहना बाहेक आफ्नो कूल परम्पराअनुसार राजीखुशीले दिनेले पनि बढीमा दश हजार रूपैयाँ सम्मको माल दाइजो दिन हुन्छ ।

(३) उप–दफा (१) वा (२) उल्लंघन गर्नेलाई लिन दिन नपाउने बिगो भए बिगो जफत गरी दश हजार रूपैयाँसम्म जरीवाना वा पन्ध्र दिनसम्म कैद वा दुबै सजाय हुनेछ ।

६. अन्य आर्थिक दायित्व व्यहोर्नमा प्रतिबन्ध : (१) दुलहाको पढाइमा लागेको वा लाग्ने खर्च वा निजलाई व्यापार वा व्यवसायमा लगाउन चाहिने पूंजी वा दुलहातर्फको विवाह खर्च दुलही पक्षबाट लिन हुँदैन ।

(२) जन्त लग्दा लागेको बाटो खर्च तथा खाना खर्च दुलही पक्षले व्यहोर्न वा सो पक्षले व्यहोराउन हुँदैन ।

(३) जन्त जानेहरूलाई कुनै किसिमको नगद जिन्सी उपहार दिन हुँदैन ।

तर, जन्त साथ जाने भरियाहरूलाई नगदी वा जिन्सी ज्याला दिन बाधा पर्नेछैन ।

(४) उप–दफा (१) वा (२) उल्लंघन गर्नेलाई बिगो जफत गरी बीस हजारदेखि चालीस हजार रूपैयाँसम्म जरीवाना वा पन्ध्र दिनसम्म कैद वा दुबै सजाय हुनेछ ।

(५) उप–दफा (३) उल्लंघन गर्नेलाई बीस हजारदेखि चालीस हजार रूपैयाँसम्म जरीवाना वा पन्ध्र दिनसम्म कैद हुनेछ ।

७. जन्तसम्बन्धी नियन्त्रण : (१) बाजावाला लगायत एकाउन्न जनाभन्दा बढी जन्त वा बरियात लान हुँदैन ।

(२) जन्तमा कुनै प्रकारको भाडावाल नाच लग्न हुँदैन ।

(३) जन्तमा आतसबाजी गर्न हुँदैन ।

(४) जन्तमा एघार जनाभन्दा बढी बाजावाल राख्न हुँदैन ।

(५) यस दफा उल्लंघन गर्नेलाई दश हजार रूपैयाँसम्म जरीवाना वा पन्ध्र दिनसम्म कैद वा दुबै सजाय हुनेछ ।

८. विवाह भोजमा नियन्त्रण : (१) दुलहा तथा दुलही पक्षबाट आयोजित भोजमा नजीकको नातेदार बाहेक अरू छरछिमेकी इष्टमित्रहरूमध्येबाट एकाउन्न जनाभन्दा बढी व्यक्तिलाई आमन्त्रण गर्न हुँदैन ।

(२) उप–दफा (१) उल्लंघन गर्नेलाई बीस हजार रूपैयाँसम्म जरीवाना वा पन्ध्र

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

दिनसम्म कैद वा दुबै सजाय हुनेछ ।

९. छैठी, न्वारान, जन्म दिवश, पास्नी, चूडाकर्म, ब्रतबन्ध, बूढो-पास्नीको भोजमा नियन्त्रण : (१) छैठी, न्वारान, जन्म दिवश, पास्नी, चूडाकर्म, ब्रतबन्ध, बूढो-पास्नी गर्दा सो कर्मकाण्ड-संग सम्बन्धित नजीकको नातेदार बाहेक अरू छरछिमेकी इष्टमित्रहरूमध्येबाट पच्चीस जनाभन्दा बढी व्यक्तिलाई भोजमा आमन्त्रण गर्न हुँदैन ।

(२) उप-दफा (१) उल्लंघन गरेमा दश हजार रूपैयाँसम्म जरीवाना वा सात दिन-सम्म कैद वा दुबै सजाय हुनेछ ।

१०. पितृ-कार्यको भोजमा नियन्त्रण : (१) कुनै पनि व्यक्तिको मृत्युउपरान्त गरिने काज-किरिया श्राद्ध एवं अन्य बिभिन्न क्रिया गर्दा नजीकको नातेदार र मलामी (गुठियार) बाहेक अरू छरछिमेकी इष्टमित्रहरूमध्येबाट पच्चीस जनाभन्दा बढी व्यक्तिलाई भोजमा आमन्त्रण गर्न हुँदैन ।

(२) उप-दफा (१) उल्लंघन गर्नेलाई दश हजार रूपैयाँसम्म जरीवाना वा सात दिनसम्म कैद वा दुबै सजाय हुनेछ ।

११. दाइजो आदि प्रदर्शन गर्न नहुने : (१) सामाजिक व्यवहार-सम्बन्धमा लैजाने वा पठाउने दाइजो लगायत कुनै पनि व्यवहार वा उपहार भड्किलो रूपमा प्रदर्शन गरी लैजान वा पठाउन हुँदैन ।

(२) उप-दफा (१) उल्लंघन गर्नेलाई पाँच हजार रूपैयाँसम्म जरीवाना वा सात दिनसम्म कैद वा दुबै सजाय हुनेछ ।

१२. भड्किलो रूपमा घर सजाउन नहुने : (१) सामाजिक व्यवहार गर्दा सो उपलक्ष्यमा चाहिनेभन्दा बढी हुने गरी भड्किलो रूपमा बत्ती बाली घर सजाउन हुँदैन ।

(२) उप-दफा (१) उल्लंघन गर्नेलाई दश हजार रूपैयाँसम्म जरीवाना वा सात दिनसम्म कैद हुनेछ ।

१३. स्थानीय पञ्चायतको दायित्व: (१) यो ऐनबमोजिम गर्न नहुने काम कुनै व्यक्तिबाट हुन वा गर्न लागेको बुझिएमा सो कार्य नगर्नु भनी स्थानीय गाउँ वा नगर पञ्चायतले सम्बन्धित व्यक्तिलाई सम्झाउनु बुझाउनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम सम्झाउँदा बुझाउँदा पनि सम्बन्धित व्यक्तिले अटेर गरी गर्न नहुने काम गरेमा वा गर्न लागेमा त्यस्तो व्यक्तिउपर कानूनी कारवाई हुन जिल्ला कार्यालयमा जनाउ दिनु पर्नेछ ।

१४. श्री ५ को सरकारले आदेश जारी गर्न सक्ने: विवाह, ब्रतबन्ध, चूडाकर्म, पास्नी, बूढो-पास्नी तथा पितृकार्य आदिमा गरिने खर्चको सम्बन्धमा हदबन्दी लगाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. हिसाब देखाउनु पर्ने: (१) सामाजिक व्यवहारको सिलसिलामा भोजको लागि आमन्त्रण गरिएका व्यक्तिहरूको लगत तथा ऐनमा तोकिएबमोजिम भए-नभएको विवरण सम्बन्धित प्रमुख जिल्ला अधिकारीले माग गर्न सक्नेछ र त्यसरी मागिएको विवरण सम्बन्धित व्यक्तिले सूचना पाएको मितिले बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र दिनु पर्नेछ। यसरी प्रमुख जिल्ला अधिकारीले विवरण माग गर्दा ऐनको म्यादभित्र उजूर परेको हकमा मात्र माग गर्न सक्नेछ।

(२) उप-दफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले मागेको विवरण नदिएमा तीन हजार रूपैयाँसम्म जरीवाना वा तीन दिनसम्म कैद वा दुबै सजाय गर्न सकिनेछ।

१६. श्री ५ को सरकार वादी हुने: यस ऐनअन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ।

१७. मुद्दाको तहकिकात र दायरी: (१) यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको तहकिकात प्रहरीले गर्नेछ र यस्तो तहकिकातको काम पूरा गरी निजले मुद्दा हेर्ने अधिकारी-समक्ष मुद्दा दायर गर्नेछ।

(२) उप-दफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा प्रहरीले सरकारी वकीलको राय लिन सक्नेछ।

१८. मुद्दा दायर गर्ने म्याद: यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम उलङ्घन गरेको मितिले पैंतीस दिनभित्र मुद्दा दायर नगरेमा मुद्दा चलाउन सकिनेछैन।

१९. मुद्दा हेर्ने अधिकारी र कार्यविधि: (१) यस ऐनअन्तर्गतको मुद्दामा शुरू कारवाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) यस ऐनअन्तर्गतका मुद्दामा प्रमुख जिल्ला अधिकारीले विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउनेछ।

(३) प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयउपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ।

२०. दण्ड सजाय: (१) यस ऐनअन्तर्गत बनेको नियमबमोजिम गर्न नहुने काम गरेमा बढीमा तीस हजार रूपैयाँसम्म जरीवाना वा तीस दिनसम्म कैद हुनेछ।

(२) सरकारी कर्मचारी वा श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाको कर्मचारी वा श्री ५ को सरकारबाट स्थापना गरिएको संस्थान वा संगठित स्वशासित संस्थाका कर्मचारीहरूले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम गर्न नहुने काम गरे-गराएमा यस ऐनमा तोकिएको सजायको अतिरिक्त त्यस्तो कर्मचारीलाई निजको सेवा शर्तसम्बन्धी कानूनबमोजिम विभागीय कारवाही समेत गरिनेछ।

(३) गाउँफर्क राष्ट्रिय अभियान समिति, पञ्चायत वा पञ्चायतको वर्गीय संगठनका कुनै पनि तहका सदस्यले यस ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम गर्न नहुने काम

656

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरे-गराएमा यस ऐनमा तोकिएको सजायको अतिरिक्त त्यस्तो सदस्यलाई आचार संहिता-बमोजिम कारवाही समेत गरिनेछ ।

२१. नियमहरू बनाउने अधिकार: (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी खास गरी देहायका विषयहरूमा नियमहरू बनाउन सक्नेछ:–

(क) स्वयम्बर, साईपाटा, कन्यादान, मुख हेर्न जाने, सम्धी-सम्धिनी भेटसम्बन्धी व्यवहार सम्बन्धमा,

(ख) जन्तीलाई दुलहीतर्फबाट खुवाउने सम्बन्धमा,

(ग) विवाह भएपछि वर्ष दिनसम्म गरिने व्यवहार सम्बन्धमा,

(घ) सुत्केरी हुनुभन्दा अघि वा पछि गरिने व्यवहार सम्बन्धमा,

(ङ) आमा बाबुको मुख हेर्ने सम्बन्धमा,

(च) भाइटीका सम्बन्धमा,

(छ) सामाजिक व्यवहारमा सगुन लाने सम्बन्धमा,

(ज) पितृकार्य गर्दा दान आदि गर्ने सम्बन्धमा,

(झ) सामाजिक व्यवहारमा आमन्त्रण गरिने पाहुनाहरूको संख्या तोक्ने सम्बन्धमा,

(ञ) दुलान फर्काउने सम्बन्धमा,

(ट) भोजमा बोलाउने नजीकका नातेदारहरूको अधिकतम संख्या तोक्ने सम्बन्धमा ।

लालमोहर सदर मितिः– २०३३।७।४।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

६९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।